‘ला इलाह इल्लाल्लाह’ (अल्लाह बाहेक कोही ईश्वर छैन) भन्नुहोस्, म न्यायको दिन तपाईंको लागि गवाही दिनेछु

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन् कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो काकालाई भन्नुभयो: " ‘ला इलाह इल्लाल्लाह’ (अल्लाह बाहेक कोही ईश्वर छैन) भन्नुहोस्, म न्यायको दिन तपाईंको लागि गवाही दिनेछु ।" यो सुनेर उनले भने: यदि कुरैशका मानिसहरूले मेरो उपहास गर्दै नभन्ने थिए कि म डरका कारण त्यसो गर्न बाध्य
भएँ, त मैले यो वचन पढेर तिमीलाई खुसी पार्ने थिएँ । यसै सम्बन्धमा अल्लाहले यो आयत (श्लोक) अवतरण गर्नुभयो: {वास्तवमा, तपाईंले जसलाई चाहानुहुन्छ त्यसलाई सत्मार्गको मार्गदर्शन गर्न सक्नुहुन्न, तर अल्लाह जसलाई चाहानुहुन्छ मार्गदर्शन गर्नुहुन्छ
।" [अल-कसस: ५६]}
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो काका अबू तालिबको मृत्यु हुदै गरेको कठिन अवस्थामा उनीसित ‘ला इला-ह इल्लल्लाह’ भन्न अनुरोध गर्नुभयो, ताकि उहाँले न्यायको दिन उनको लागि मुस्लिम हो भनेर शिफाअत (सिफारिस) र गवाही दिन सकुन् । तर कुरैशका मानिसहरूले उनको निन्दा गर्नेछन् र मृत्युको डरले उनी मुस्लिम बनेको भनेर आरोप लगाउने छन् भन्ने डरले अबु तालिबले ‘ला इला-ह इल्लल्लाह’ भन्न अस्वीकार गरे । उनले नबी (सल्लल्लाहु अलैहि वसल्लम)लाई भने– यदि मलाई उनीहरुको डर नभएको भए "कलमा-ए-शहादत" ‘ला इला-ह इल्लल्लाह’ पढेर तिम्रो मनलाई शान्त पार्ने र तिम्रो मनोकामना पूरा गर्ने थिएँ र तिमीलाई खुसी पार्ने थिएँ । यसै घटना प्रति यो आयत (श्लोक) अवतरण गरिएको थियो, जसमा अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँग कसैलाई इस्लाम स्वीकार गर्न लगाउने शक्ति छैन भनी उल्लेख गरिएको छ । तर अल्लाहले जसलाई चाहानुहुन्छ मार्गदर्शन गर्नुहुन्छ। रसूल(सल्लल्लाहु अलैहि वसल्लम)को कर्तव्य मात्र युक्तिपूर्ण कुरा, वचन र उपदेश द्वारा बाटो देखाउनु र सत्यमार्ग तर्फ मानिसहरूलाई मार्गनिर्देशन गर्नु र बोलाउनु हो ।

https://sunnah.global/hadeeth/ne/show/65069